जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा,युवा तथा खेलकुद महाशाखा)

जीतपुर, बारा

प्रदेश नं.२, नेपाल

पत्र संख्या :

च.नं. :

मिति :- २०७६।०५।३०

**विषय :- सूचना ! सूचना !! सूचना !!!**

उपरोक्त विषयमा यूनिसेफ नेपाल, जनकपुर फिल्ड कार्यालय र जीतपुरसिमरा उपमहानगरपालिका, वारा वीच भएको सम्झौता अनुसार विद्यालय भन्दा वाहिर रहेका किशोरीहरुलाई शिक्षामा पहुँच पुर्‍याउनको निम्ति " किशोरी शिक्षा कार्यक्रम " ( Girl's Access to Education) संचालनका लागि आवश्यक संख्यामा सहजकर्ता र सुपरिवेक्षकको छनौट गर्नु पर्ने भएको हुनाले नगर शिक्षा समितिको मिति २०७६।०५।२९ गतेको वैठकको निर्णय अनुसार तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली महिला नागरिकहरुवाट दरखास्त आह्वान गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७६।५।३०

शिवजी प्रसाद

प्रमुख

शिक्षा युवा तथा खेलकुद महाशाखा

**तपसिल :**

१. सहजकर्ता आवश्यक संख्या - १० जना

२ सुपरिवेक्षक आवश्यक संख्या - १ जना

३ दरखास्त दिने मिति :- २०७६।०५।३० देखि २०७६।०६।०५ गते सम्म

४ दरखास्त दिने स्थान - जीतपुरसिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, जीतपुर ।

५ दरखास्त दस्तुर : रु. ५००।- तिरेको राजस्व रसिद ।

**आवश्यक योग्यता :**

१ सहजकर्ताका लागि :- १०+२ वा सो सरह

२ सुपरिवेक्षकका लागि :- स्नात्तक वा सो सरह

३ उमेर :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

४ प्रचलित कानूनले अयोग्य नभएको

५. सम्पूर्ण शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु उम्मेदवारले स्वयं प्रमाणित गरी पेश गर्नु पर्ने छ ।

Scanned by CamScanner

## सहजकर्ता छनौटका आधारहरु

१ दलित, जनजनति, पिछडा वर्गलाई पहिलो प्राथमिकता दिइने छ ।
२. सामाजिक क्षेत्रमा काम गरेको वा गर्न ईच्छुक व्यक्ति ।
३. तोकिए अनुसारको समय दिन सक्ने ।
४. केन्द्र संचालन भएको बस्ती / वडाको बासिन्दालाई विशेष प्राथमिकता दिइने छ ।

## सुपरिवेक्षक छनौटका आधारहरु

१. मासिक कार्ययोजना बनाई महिनामा ५ पटक सम्पूर्ण केन्द्रको अवलोकन तथा सुपरिवेक्षण गर्न सक्ने।
२. सहजकर्तालाई योजना निर्माणमा सहयोग गर्ने र कक्षामा आएको समस्याको समाधान गर्न सक्ने ।
३ कक्षाको सामग्री व्यवस्थापनमा सहयोग गर्न सक्ने ।
४ कक्षा संचालनको प्रतिवेदन तयार गरी संस्थामा पेश गर्न सक्ने ।
५ कक्षा केन्द्र नजिकका विद्यालय, वडा कार्यालय र अन्य निकायसँग सम्पर्क र समन्वय गर्ने सक्ने ।

Scanned by CamScanner